आज मिति २०७६ साल कार्तिक ०७ गते विहिवारका दिन यस बिन्दवासिनी गाउँपालिकाको आ.व. २०७६/०७७ को गाउँ सभा बैठक गा.पा. अध्यक्ष श्री श्रीलाल साह कानुज्यूको अध्यक्षतामा बैठक वसी निम्न वमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| | |
|---|---|
| (१) श्री श्रीलाल साह कानु | अध्यक्ष |
| (२) श्री किरण देवी गुप्ता | उपाध्यक्ष |
| (३) श्री सागिर मियाँ | गाउँ सभा सदस्य |
| (४) श्री संजय प्रसाद चौहान | गाउँ सभा सदस्य |
| (५) श्री सलमा खातुन | गाउँ सभा सदस्य |
| (६) श्री अनोज कुमार चौरसिया | गाउँ सभा सदस्य |
| (७) श्री सुक्तदेव राउत अहिर | गाउँ सभा सदस्य |
| (८) श्री रामाधार मुखिया विन | गाउँ सभा सदस्य |
| (९) श्री रुअब्जा खातुन | गाउँ सभा सदस्य |
| (१०) श्री जगमती देवी | गाउँ सभा सदस्य |
| (११) श्री किरण देवी साह | गाउँ सभा सदस्य |

(१२) श्री फुलमती देवी — गाउँ सभा सदस्य

(१३) श्री रामचन्द्र चौरसिया — गाउँ सभा सदस्य

(१४) नरेश मुखिया विन — गाउँ सभा सदस्य

(१५) प्रजापती महतो कोइरी — गाउँ सभा सदस्य

(१६) सुगान्धी देवी चमार — गाउँ सभा सदस्य

(१७) गम्भीरा साह तेली — गाउँ सभा सदस्य

(१८) बिन्दा प्रसाद कलवार — गाउँ सभा सदस्य

(१९) जोखनी देवी नुनिया — गाउँ सभा सदस्य

(२०) भगीया देवी — गाउँ सभा सदस्य

(२१) नागेन्द्र प्रसाद सोनार — गाउँ सभा सदस्य

(२२) कृष्ण राउत कंकर — गाउँ सभा सदस्य

(२३) हरेन्द्र प्रसाद बरै — गाउँ सभा सदस्य

(२४) मुकेश प्रसाद कानु — गाउँ सभा सदस्य

(२५) सुरसती देवी तत्वीन — गाउँ सभा सदस्य

(२६) किशोरी मुखिया विन — गाउँ सभा सदस्य

(२७) श्रीलाल प्रसाद कुर्मी — गाउँ सभा सदस्य

(२८) चन्दा देवी — गाउँ सभा सदस्य

(२९) तेतरी देवी — गाउँ सभा सदस्य

(३०) सुजित कुमार साह — सचिव

**आमन्त्रित**

| | |
|---|---|
| बद्री साह | अधिकृत |
| शिवभोला प्रसाद केशरी | अधिकृत |
| नरेश कुमार चौहान | सि.अ.हे.व. अधिकृत |
| संदिप कुमार साह | सूचना प्रविधि अधिकृत |
| राजेन्द्र वहादुर दास | ना.सु. |
| सिताराम पंडित | खा.पा.स.टे. |
| नागेन्द्र प्रसाद कुशवाहा | सव इन्जिनियर |
| विशाल जैसवाल | सव इन्जिनियर |
| रमेन्द्रनाथ तिवारी | कार्यालय सहायक/सा.प. |

# सम्मानित बिन्दबासिनी गाउँपालिका को आ.व.२०७६/०७७ को गाउँसभाको निर्णयहरु

**निर्णय नं. १ :**

बिन्दबासिनी गाउपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति, कार्यकम तथा बजेट तर्जुमाका लागि विभिन्न मितिमा भएको वस्ती स्तरीय भेला, वडा समिति बैठकतथा विषयगत समिति बैठक कार्यकम तथा योजना तर्जुमा समिति हुँदै गाउँकार्यपालिकाको बैठक बाट सिफारीस भएको र प्राप्त सुझावहरु समेत समेटिएको निम्नानुसारको नीति, कार्यकम, राजश्वका दर-दायरा तथा बजेटसभा वाट स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २:**

आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न र आ.व. २०७६/०७७ को गाउँकार्यपालिका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त चालु खर्च, पुजीँगत खर्च र वितिय व्यवस्थाको रकम संचित कोषबाट खर्चगर्न बनेको विनियोजन विधेयक २०७६ र आर्थिक विधेयक २०७६ लाई स्वीकृतीका लागि गाउ सभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस गाउपालिकामा आ.ब. २०७६/०७७ को लागि प्राप्त ससर्त तर्फको तथा बिषयगत कार्यालय-तर्फको अनुदान सो बमोजिमनै र बितीय समानिकारण तर्फको रकम यस गाउ सभाको निर्णय बमोजिम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :**

नेपालमा लागु भएका ऐन कानुन र मन्त्रालय वाट प्राप्त नमुना कानुनका आधारमा बनाइएको कार्यविधि, बिन्दबासिनी गाउ कार्यपालिकाको निर्णय वा आदेश अधिकार पत्रको प्रमाणीकरण स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**
धार्मिक पर्यटकीय क्षेत्रको रुपमा यस गाउपालिकालाई स्थापित गर्न र अन्य आर्थिक विकासमा टेवा पुग्ने सम्भाव्य क्षेत्रको अध्ययन, अवलोकन, पहिचान, गर्न सम्बन्धित क्षेत्रको विज्ञसंग परामर्श गरि सो क्षेत्रलाई प्राथमिकतामा राखि विकाश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**
सवै वडा समितिको निर्णयवाट माग भई आएका यसै गाउ सभाले अनुसूचीमा समावेश गरेका तर बजेटको प्राथमिकतामा पर्न नसकेका योजना र कार्यकमलाई गाउंपालिकाको उपलव्ध स्रोत भएमा वा अन्य विकासका साझेदार निकायहरुसँगको साझेदारी भएमा संचालन गरी कमशः वडावासीका मागलाई सम्वोधन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ७ :**
बिन्दबासिनी गाउपालिकाको आ.व. २०७६/०७७ मा क्षेत्रमा साँस्कृतिक, धार्मिक, खेलकुद लगायत विभिन्न किसिमको कार्यक्रम सहयोग माँग भएमा सम्भव भए सम्म नगद नदिई सम्बन्धित कार्यक्रमको लागि आवश्यक पर्ने सामाग्री उपलब्ध गराईने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस आ.ब.२०७६/०७७ को बजेटमा उल्लेख भएको रकम बाहेक यस गाउँपालिकाको खातामा प्राप्त हुने कुनै श्रोतबाट नै खातामा रकम प्राप्त भएमा सोही बमोजिम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :**

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी गाउंपालिकाले आबश्यकताको आधारमा राष्टिय र अन्तराष्टिय रुपमा भगिनी सम्बन्ध कायम गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १० :**

यस गाउँपालिकामा आ.ब. २०७५/२०७६ का लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेटको खर्च स्वीकृती तथा अनुमोदन गर्दै यस गाउसभावाट स्वीकृत वजेटको कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

यस गाउँपालिका क्षेत्रमा कार्यारत राष्टिय तथा अन्तराष्टिय गैह सरकारी संस्था लगायतका संघ, संस्थाहरुले यस गाउ क्षेत्रमा संचालन गर्ने कार्यक्रम तथा परियोजनाहरु गाउँपालिकाले स्वीकृत गरे पश्चात मात्र परियोजना तथा कार्यक्रमहरु संचालन गर्न दिने निर्णय गरीयो ।

**निर्णय नं. १२ :**
आ.ब. ०७६/७७ को बिभिन मितिमा भएको यस गाउपालिकाको बोर्डको सबै निर्णयहरु यस गाउ सभाबाट स्वीकृत गरीयो ।

**निर्णय नं. १३**

बिन्दबासिनी गाउपालिकाको आ.ब. ०७६/७७ को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम विकास निर्माण आयोजनाहरुमा विनियोजित सम्पूर्ण भौतिक पुर्वाधार बिकास बजेटको सम्बन्धित ३ प्रतिशत हुन आउने कन्टिजेन्सी वापत रकम कट्टा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

बिन्दबासिनी गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता कर, पेश्की, वेरुजु, ऋण तथा अन्य बाँकी बक्यौता रकम बुझाउँदै नबुझाउने एवं फरफारक गर्न कुनै प्रक्रिया नचालेका व्यक्ति तथा संस्थाहरुलाई गा.पा.बाट प्रवाह गरिने सेवा रोक्का गर्न र सोको लागत तयार गरी सार्वजनिक गरी असुल उपर गर्ने प्रकृया अबलम्बन गर्ने साथै पुरानो बेरुजु फरफारक गरि सुन्य बेरुजु बनाउन कार्यपालिकाबाट समिति बनाई कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस बिन्दवासिनी गाउकार्यपालिकाले पेश गरे अनुसारको न्यायिक समिति गठन गर्ने तथा न्यायिक समिति, विभिन्न मुद्दा, पैरवी अन्य कानूनी परामर्श लिनका लागि कानूनी परामर्शदाता, प्रेस सल्लाहाकार र अमिन सल्लाहकार प्रचलित नियमानुसार परामर्श सेवा लिने निर्णय गरियो ।

**निर्णय नं. १६**

बिन्दबासिनी गाउँपालिका- र नेपाल सरकारले निर्धारण गरेको सडक मापदण्ड बमोजिमको सडक क्षेत्र भित्र अव्यवस्थित रुपमा निर्माण भएका भौतिक संरचना तथा गैर कानूनी रुपमा निर्माण भएका जुनसुकै संरचना हटाई सडक विस्तार तथा अन्य विकास निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस बिन्दवासिनी गाउँपालिका मा कार्यरत रहेका स्थायी कर्मचारी लाई संघीय सरकारले यस आ.व.२०७६/०७७ मा तोकिएको नयाँ तलब स्केल र भत्ता बमोजिम गरिने निर्णय गरियो ।

**निर्णय नं.१८**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उप दफा २ को (छ) र (ट) बमोजिम *यस गाउपालिका क्षेत्र भित्रको नेपाल सरकारको सार्वजनिक ऐलानी ,पर्ती जग्गा सार्वजनिक भवन मठ मन्दिर ,सांस्कृतिक संम्पदा तथा भौतीक पुर्वाधारको संरक्षणको लागि अनाधिकृत रुपमा सार्वजनिक*

सम्पति अतिक्रमण तथा प्रचलित कानून बिपरित निर्माण गरेका सबैखालका व्यक्ति तथा संघ संस्थालाई कार्यवाहीको दायरमा ल्याई त्यस्तो सम्पती गाउँपालिकाको अधिकार क्षेत्रमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस बिन्दबासिनी गाउंकार्यपालिकाको केन्द्रमा र वडा कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा प्रोत्साहन भता स्वरुप तलब स्केलको मासिक १०% दिने निर्णय गरियो ।

**निर्णय न २०**

यस गाउंपालिकाको आई.टी.अफिसर लाई यस गाउँपालिकाको करार सेवा / अन्य शिर्षक बाट तलब भत्ता भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय न २१**

यस गाउंपालिको आ.ब. २०७६/२०७७ मा भएका सम्पुर्ण टिप्पनी आदेशहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न २२**

यस बिन्दबासिनी गाउं पालिका अन्तर्गत वडा कार्यालय मा विपत्त .समय देखी कार्यरत सामाजिक परिचालकहरुको २०७६ असार मसान्त सम्म म्याद सकिएको तर सामाजिक परिचालक /कार्यालय सहायकहरुको यस गाउंपालिकामा आवश्यक भएकोले यस आ.व.२०७६/०७७ मा २०७६ साउन १ गते देखी २०७७ असार मसान्त सम्मका लागि म्याद थपी कार्य निरन्तरता गर्ने तथा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न २३**

यस गाउंपालिकामा कार्यरत ईजिन्यिर/सबईजिन्यिर/खा.पा.स.टे लाई फिल्डमा काम गरेवापत काम गर्ने कर्मचारीलाई फिल्ड भाता वापत मासिक रु ६५००।०० कार्तिक महिना देखी लागु हुनेगरी निर्णय गरियो ।

**निर्णय न २४**

यस गाउँपालिकमा कार्यरत [illegible] बिनोद कुमार राउत, [illegible] कजिल [illegible] का.स.ब्रहमदेव राउत, का.स राजन पाण्डे, का.स प्रमिला बस्नेत, का.स सोनालाल साह तेली, का.स अजय श्रीवास्तव, का.स मोदन यादव, का.स जर्नादन शर्मा, का.स जय चौरासिया, का.स दिपलाल चौरसिया, का.स शम्भु साह, का.स प्रधुमन साह लाई यस आ.ब. २०७६/२०७७ मा २०७६ साउन १ गते देखी २०७७ असार मसान्त सम्म म्याद थप गरी निरन्तरता दिने निर्णय गरियो ।साथै अन्य लाई गाउंकार्यपालिका को बोर्ड लाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय न २५**

यस बिन्दवासिनी गाउपालिकामा साविकको जिल्ला विकास समिति , पर्सा तथा हाल जिल्ला समन्वय समिति , पर्सा बाट हस्तान्तरण भै आएको कर्मचारी, स्थानीय बिकास कोषका कर्मचारी लाई सोही अनुसार तथा तपसिल् बमोजिमका करार मा गाउँपालिका मा कार्यरत रहेका लाई २०७६ साउन १ गते देखी २०७७ असार मसान्त सम्मको लागि म्याद थप गरी निरन्तरता दिने निर्णय गरियो ।

तपसिल

| सि.नं. | नम | पद | कैफियत |
|---|---|---|---|
| १ | रामप्रवेश साह | सा.प /पाँचौ | |
| २ | मंजु कायस्थ | सा.प /पाँचौ | |
| ३ | रमेन्द्र नाथ तिवारी | सा.प/का.स चौथो | |
| ४ | रामनाथ महतो कुशवाहा | कानुनी सल्लाहाकार | |
| ५ | संजीव कुमार मिश्रा | प्रेस सल्लाहाकार | |
| ६ | सम्साद आलम गद्दी | अमिन सल्लाहाकार | |
| ७ | सुरेश साह | हलुका सवारी चालक | |
| ८ | छवीलाल साह कानु | हेभी सवारी चालक | |
| ९ | अशविनी मिश्रा | प्रशासन तथा लेखा सहायक | |
| १० | सुनिल कुमार यादव | सहायक कम्प्यूटर अपरेटर | |

**निर्णय न २६**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५**(स्थानीय राजश्व परामर्श समिति)**, ६६**(श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति,** र ६७**(बजेट तथा कार्यक्रम तर्जुमा समिति** को प्राप्त प्रतिवेदन को आधारमा खर्च गर्ने गरी निर्णय गरियो ।

**निर्णय न २७**

आ.व २०७६/२०७७ मा सब ईन्जिनियर बिशाल प्रसाद जैसवाल को २०७६ असाढ मसान्त सम्म म्याद रहेको मा निजलाई करारमा २०७६ साउन १ गते देखी २०७७ असार मसान्त सम्मका लागि म्याद थप गरी कार्य निरन्तरता दिन निर्णय गरियो ।

**निर्णय न २८**

यस गाउंपालिकमा गत आ.ब. २०७४/२०७५, २०७५/२०७६ को आशिंक /पूर्व मा भुक्तानी गर्न बांकी रहेका रकम यस आ.ब. २०७६/२०७७ मा प्रचलित नियमानुसार भुक्तानी गर्ने निर्णय /अनुमोदन गरियो ।

**निर्णय नं.२९**

यस गाउपालिकाको लागि आवशयक रहेको सब इन्जिनियरनिर्णय न ३८यस गाउपालिकाको गाउ सभालाई सफल बनाई दिनु भएकोमा सम्पूर्ण निर्वाचित पदाधिकारी लगायत कर्मचारी साथीलाई धन्यवाद दिने निर्णय गरयो ।

बिन्दवासिनी गाउँ कार्यपालिकाको कार्यालय बहुअर्वाटाडा, पर्सा २०७३

**निर्णय नं.३०**

नयाँ घरको निर्माण गर्दै नापनक्सामा सडक बाहेक ३ फिट नीजि जग्गाबाट छोडी निर्माण गर्ने र आवश्यक परे खाली नीजि जग्गावाट ३ फिटसम्म सार्वजनिक हकमा लिने निर्णय गरियो ।

**निर्णय नं.३१**

यस गाउँपालिका भित्रका पुरानो नहर, पोइन, कैनलको संरचना बदनियत पूर्वक अतिकमण गरी सार्वजनिक सम्पादन माथि खेलवाड गरेकोलाई २०२१ सालको नापनक्सा अनुसार यस गाउँपालिकाको सार्वजनिक हकको लागि कार्यवाही चलाई सो संरचना कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२**

आ.व २०७५/०७६ को विशेष गाउँसभा बाट छुटयाईएको ईदको व्यवस्थापनको लागि भुत्तानी दिन बाकी रहेका १ र ३ नं. वडा कार्यालयको भुत्तानी यस आ.व २०७६/०७७ मा आन्तरिक आम्दानी बाट दिने निर्णय गरियो ।

**निणय नं. ३३**

ईस्लामिक जमाद मस्जिद झौवागुठी मा १०००००।- को डेक(बर्तन) र कुर्सी आन्तरिक आम्दानी बाट खरिद गर्ने निर्णय गरियो ।

**निणय नं. ३४**

आ.व. २०७४/०७५ र २०७५/०७६ को योजनाहरुको कार्य आदेश र कार्य सम्झौता भई यस गाउँ सभावाट स्वीकृत विनियोजित रकम रु. २,५०,००,०००।- (दुई करोड पचास लाख) वाट यस आ.व. २०७६/०७७ मा उक्त योजनाहरुको म्याद थप गरी कार्य सम्पन्न भई आएमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.. ३५**

आ.व २०७५/०७६ मा बिन्दवासिनी गाउँपालिकामा रहेका करार, अस्थायी, सल्लाहाकार को रुपमा कार्यरत रहेका कर्मचारी को यस आ.व २०७६/०७७ मा पाउने पारिश्रमिक,तलब भत्ता यस गाउपालिका को कार्यपालिका बैठक ले निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६**

गाउंपालिकाको आ.व. २०७६/०७७ का लागी पारित कार्यकमहरुमा बजेटले. धान्न नसकेका योजनाहरुलाई अन्य दातृ निकाय साझेदार तथा कुनै श्रोत पहिचान र संकलन गरी कार्यकम संचालन गर्ने ।

**निर्णय नं.३७**

भुत्तानी दिने र आ.व. २०७५/०७६ का अन्य बाँकी रहेको योजनाहरुको कार्य सम्पन्न भएमा प्राविधिकको कार्य सम्पन्न मुल्याकंन अनुसार आन्तरिक श्रोत /अन्य शिर्षक बाट सो योजनाको समेत भुत्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.३८**

यस बिन्दवासिनी गाउँपालिकाको आ.व.२०७६/०७७ को गाउँसभामा छुटयाईएको उपाध्यक्ष स्तरीय योजना हरु संचालन गर्दा उपाध्यक्ष स्तरीय निर्णय गराई संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३९**

यस बिन्दवासिनी गा.पा. वडा नं.४ अमरपटी को साविक वडा नं.५ मा पर्ने कित्ता नं. १८१ को २ कठा, १० धुर र कित्ता नं. ३३९ को २ कठा, १० धुर एम्बुलेन्स जान आउने नसक्ने तथा कमजोर पूर्वाधार रहेको ले नियमानुसार बिकी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४०**

यस गाउँपालिकाको न्यायीक समिति अन्तर्गत छुटाइएको इजलाश खर्चवाट हप्तामा एक दिन वस्ने इजलाशमा बैठक वापत प्रति सदस्य र कानूनी सल्लाहकार सहित ४ जनालाई प्रति बैठक रु. ५०० का दरले भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं.४१**

यस आ.व.२०७६/०७७ को गाउँसभा मा पाल्नु भएका पदाधिकारी, कर्मचारी, भद्रभलादमी हरुलाई यस गाउँसभामा सहयोग गरि दिनु भएको मा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

माथिका निर्णयहरु प्रमाणित गर्दछु